नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

(योजना तथा जनशक्ति प्रशासन शाखा)

फोन नं. ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः- ३।९२।०७८।०७९
प्राप्त पत्र संख्याः...............
च.नं.: ३०६

## प्रेस विज्ञप्ति

नापी विभागद्वारा तयार गरीएको संघीय संरचना अनुरुपको नेपालको प्रशासनिक नक्सा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री मा. पद्मा कुमारी अर्यालज्यूबाट मन्त्रालयका प्रतिनिधिहरु तथा विभिन्न सञ्चार माध्यमका प्रतिनिधिहरुको उपस्थितिमा लोकार्पण गर्ने कार्य सु-सम्पन्न भयो । कार्यक्रममको शुरुवातमा नापी विभागका महानिर्देशक श्री गणेशप्रसाद भट्टले नक्सा तयारी तथा नक्सामा समेटिएका विषयमा प्रकाश पार्नु भएको थियो । नक्सा लोकार्पण कार्यक्रम पश्चात मा. मन्त्रीज्यूबाट नापनक्सा तथा समग्र भूमि व्यवस्था तथा प्रशासनका विषयमा चर्चा गर्नु भएको थियो भने पत्रकार सम्मेलनमा पत्रकारहरुबाट उठाइएका विभिन्न प्रश्नहरुको जवाफ मा. मन्त्रीज्यू तथा नापी विभागका महानिर्देशकबाट दिइएको थियो । लोकार्पित नक्सा छिट्टै नापी विभागको website www.dos.gov.np बाट प्रकाशन गरिने तथा उक्त नक्साको अङ्ग्रेजी संस्करण पनि छिट्टै प्रकाशन गरिने विषय पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो । पुन:संरचना अनुरुपको प्रादेशिक तथा स्थानीय तहहका प्रशासनिक नक्साहरु समेत क्रमशः तयार गरिने र प्रकाशनमा ल्याइने विषय समेत पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको थियो ।नापी विभागको पटक पटकको अनुरोध एवं सूचना सम्प्रेषण पछि पनि विभिन्न सञ्चार माध्यमबाट हालसम्म नेपालको अनधिकृत नक्सा प्रयोग भइरहेको विषय पुनः स्मरण गराउँदै नापी विभागबाट प्रकाशित नेपालको आधिकारिक नक्सा मात्र प्रयोग गर्न विभिन्न सञ्चार माध्यमहरुलाई पुनः अनुरोध गरिएको थियो ।

दामोदर ढकाल
(निर्देशक)
(सूचना अधिकारी)